लोक सेवा आयोग

# नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, सातौं, वरिष्ठ अधिकृत पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०९।२७

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

## विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. नेपालको सन्दर्भमा समावेशीकरणको माध्यमबाट सामाजिक न्याय प्रत्याभूतिका लागि राज्यका तर्फबाट भएका प्रयासहरूको चर्चा गर्नुहोस् । ५

२. परिवर्तन व्यवस्थापनका लागि नभई नहुने आवश्यक तत्वहरू के-के हुन्? उल्लेख गर्दै यस सन्दर्भमा नेपाल नागरिक उड्डयन प्राधिकरणले गरेका प्रयासहरू प्रस्तुत गर्नुहोस् । २+३=५

३. नेपालको संविधान अनुसार तीन तहका राज्य संरचनाहरूको अन्तरसम्बन्ध सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित रहेको भन्ने भनाइलाई संवैधानिक एवं कानूनी प्रबन्धको आलोकमा पुष्टि गर्नुहोस् । १०

४. स्थानीय शासनका आधारभूत पक्षहरू उल्लेख गर्नुहोस् । साथै, नेपालको सन्दर्भमा स्थानीय शासन व्यवस्थापनले सामना गर्नुपरेका समस्या र चुनौतीहरू प्रस्तुत गर्दै तीनको समाधानका उपायहरू समेत संक्षेपमा चर्चा गर्नुहोस् । ३+३+४=१०

५. व्यवस्थापन परीक्षण भनेको के हो? संगठनमा यसको आवश्यकता औंल्याउँदै व्यवस्थापन परीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरू के-के हुन्? चर्चा गर्नुहोस् । ३+३+४=१०

६. परियोजना व्यवस्थापनका चरणहरू सविस्तार विवेचना गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले सञ्चालन गरिरहेका परियोजनाहरू कत्तिको प्रभावकारी रूपमा सञ्चालन गरेको देखिन्छ? समीक्षा गर्नुहोस् । साथै, परियोजना व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कसरी सकिएला? कार्यान्वयनयोग्य सुझाव समेत प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

### खण्ड "ख" — ५० अङ्क

७. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को सदस्य राष्ट्रको हैसियतले नेपालको हवाई सेवा सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता उल्लेख गर्नुहोस् । ५

८. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार राष्ट्रसेवकले गर्नु नहुने भ्रष्टाचारजन्य कसूरहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ५

९. नेपालको हवाई उड्डयन क्षेत्रको विकासमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership - PPP) model को महत्व उल्लेख गर्दै सम्भावित models चर्चा गर्नुहोस् । ५+५=१०

१०. खुला आकाश नीति भनेको के हो? नेपालको हवाई क्षेत्रको विकासको निम्ति खुला आकाश नीतिको आवश्यकता पहिचान गर्दै नेपाल सरकारले हवाई सेवा सम्बन्धमा गरेका महत्वपूर्ण द्विपक्षीय र बहुपक्षीय सम्झौताहरूको चर्चा गर्नुहोस् । २+३+५=१०

११. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा व्यवस्था भएका प्राधिकरणका काम, कर्तव्य र अधिकार संक्षेपमा चर्चा गर्नुहोस् । साथै, उक्त काम, कर्तव्य र अधिकारको प्रयोगमा प्राधिकरण कत्तिको सफल भएको ठान्नुहुन्छ? आफ्नो धारणा व्यक्त गर्नुहोस् । ६+४=१०

१२. सूचनाको हक र गोपनीयताको हक नेपालको संविधानले व्यवस्था गरेका हकहरू हुन् । यी हकहरूले विपरित मान्यता (Conflicting Value) बोकेका छन् । यी दुवै हकको सुनिश्चितताका लागि के-कस्ता नीतिगत र कानूनी व्यवस्था गरिएका छन्? समीक्षा गर्दै यी दुवै हकको द्वन्द्वरहित सुनिश्चितताका लागि के गर्नुपर्ला? कार्यान्वयनयोग्य सुझाव दिनुहोस् । ५+५=१०

:: समाप्त ::